बैठक संख्या ६६

आज मिति २०७६।०८।०३ गते मंगलबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| १ | श्री गुमानध्वज कुँवर | – अध्यक्ष |
| २ | श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष |
| ३ | श्री खीर बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री कृष्ण कुमार कार्की | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार कार्की | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री चित्र बहादुर तामाङ | – सदस्य |
| १३ | श्री माया तामाङ | – सदस्य |
| १४ | श्री सानुमाया पहरी | – सदस्य |
| १५ | श्री उर्मिला वि. क. बराइली | – सदस्य |
| १६ | श्री सावित्रा अछामी | – सदस्य |
| १७ | श्री बालकृष्ण पहरी | – सदस्य |
| १८ | श्री शंकर नेपाली | – सदस्य |
| १९ | श्री मदन कुमार बजगाँई | – सदस्य सचिव |

Scanned with CamScanner

प्रस्तावहरुः

१ बैंक जमानत फुकुवा गर्ने सम्बन्धमा ।

२ धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा ।

३ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यक्रम पेश गर्ने सम्बन्धमा

४ सार्वजनिक यातायात क्षेत्रमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

५ पूर्ण साक्षर गाउँपालिका घोषणा सम्बन्धमा ।

६ भुम्लु गाउँपालिकाको परियोजना सल्लाहकार समिति संचालन समिति सम्बन्धि निर्देशिका २०७६ सम्बन्धमा।

७ परियोजना सल्लाहकार संचालन समिति गठन सम्बन्धमा ।

८ जिल्ला समन्वय समितिबाट प्राप्त हुने अनुदानबाट संचालन हुने योजना सम्बन्धमा ।

निर्णयहरुः

१ प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिकाको मिति २०७५।०८।०३ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार यस गाउँपालिकाको वडा नं ६ भएर बग्ने सुनकोशी नदिको किनाराबाट नियमानुसार नदिजन्य वस्तुको संकलन तथा निकासी दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र पेश तथा ठेक्का स्वीकृत भएपश्चात २०७५।०९।२३ कबुलियत पट्टा भई गाउँपालिकाबाट कार्यदेश समेत लिएकोमा स्थानीयबासीको अवरोधका कारण सो बमोजिम दस्तुर संकलनको कार्य गर्न असमर्थ भएको भनि गाउँपालिकामा सम्बन्धित तीन कोशी उद्योग प्रा.लि. ले निवेदन दिएको सन्दर्भमा यस गाउँपालिकाकाले सम्झौता बमोजिमको रकम दाबी गर्दै सेन्चुरी कमर्सियल वैकलाई पठाएको पत्र उच्च अदालत पाटनको मिति २०७६।०४।२२ को माननीय न्यायधिश द्वय नरेन्द्र कुमार शिवाकोटी र ठाकुर प्रसाद शर्मा पौडेलको संयुक्त इजलाशबाट उत्प्रेषणको आदेशबाट खारेज भई निवेदकले राखेको जमानत रकम र निवेदनका सम्बन्धमा कानून बमोजिम गर्नु भन्ने आदेश समेत भएकोले निवेदक तिनकोशी उद्योग प्रा.लि. ले

Scanned with CamScanner

सेन्चुरी कमर्सियल वैंकमा राखेको वैक जमानत सम्मानित अदालतको आदेश बमोजिम फूकुवा गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिकाको मिति २०७५।०८।०३ मा अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार यस गाउँपालिकाको वडा नं ६ को किनारा भएर बग्ने सुनकोशी नदिनको किनाराबाट नियमानुसार नदिजन्य वस्तुको संकलन तथा निकासी दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र पेश तथा ठेक्का स्वीकृत भएपश्चात २०७५।०९।२३ कबुलियत पट्टा भई कायदिश समेत लिएकोमा स्थानीयवबासीको अवरोध बमोजिम दस्तुर संकलनको कार्य गर्द असमर्थ भएको सन्दर्भमा यस गाउँपालिकाकाले सम्झौता बमोजिमको रकम दाबी गर्दै सेन्चुरी कमर्सियल वैकलाई पठाएको पत्र उच्च अदालत पाटनको मिति २०७६।०४।२२ को माननीय न्यायधिश द्वय नरेन्द्र कुमार शिवाकोटी र ठाकुर प्रसाद शर्मा पौडेलको संयुक्त इजलाशबाट उत्प्रेषणको आदेशबाट खारेज भई निवेदकले राखेको जमानत रकम र निवेदनका सम्बन्धमा कानून बमोजिम गर्नु भन्ने आदेश समेत भएकोले निवेदक तिनकोशी उद्योग प्रा.लि. ले प्रथम किस्ता वापत बुझाएको रु ८९३२६५०(उनानब्वे लाख बत्तीस हजार छ सय पचास मात्र) रकममा सम्बन्धमा निर्णय गर्न यस गाउँपालिकाको गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ उपर छलफल गर्दा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको प.स. ०७६।७७ च.नं. PMEP ६४ को पत्रअनुसार कार्यक्रम पेश गर्न आव्हान गरिए बमोजिम यस गाउँपालिकाको तर्फबाट पेश हुने कार्यक्रमका सम्बन्धमा सबै वडा कार्यालयहरुले २०७६।०८।१३ गते भित्र आयोजना प्रस्ताव गरी गाउँपालिका समक्ष पेश गर्ने निर्णय गरियो।

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद व्यवस्थापन शाखाको प.सं.

Scanned with CamScanner

०७६।७७ च.नं.१५६ मिति २०७६।०७।२५ को पत्रानुसार संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालयको २०७६।०७।२० को निर्णयानुसार यस गाउँपालिकाको क्षेत्रमा पर्ने राजमार्गका आगमन तथा प्रस्थान विन्दुहरु तथा सो क्षेत्रका मुख्य होटल तथा पसलहरुको परिसरमा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्न प्रत्येक वडा कार्यालयहरुले आ- आफ्नो क्षेत्रमा आवश्यक व्यवस्था गर्न सम्बन्धित पक्षसँगको समन्वयमा आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा कार्यक्रम २०७६।०८।१३ गते गर्ने निर्णय गरियो।

६ भुम्लु गाउँपालिका र सिविएम नेपालको साझेदारीमा संचालित समुदायमा आधारित समावेशी विकासः सबैका लागि समावेशी समुदाय परियोजना संचालनका लागि आवश्यक कार्यहरु गर्न भुम्लु गाउँपालिकाको परियोजना सल्लाहकार समिति संचालन समिति सम्बन्धि निर्देशिका, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

७ भुम्लु गाउँपालिका र सिविएम नेपालको साझेदारीमा संचालित समुदायमा आधारित समावेशी विकासः सबैका लागि समावेशी समुदाय परियोजना संचालनका लागि आवश्यक कार्यहरु गर्न भुम्लु गाउँपालिकाको परियोजना सल्लाहकार समिति संचालन समिति सम्बन्धि निर्देशिका२०७६ को दफा ३ बमोजिम तपशिल बमोजिमको सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- गाउँपालिका अध्यक्ष गुमानध्वज कुँवर

सदस्य- प्रमुख प्रशासकीय अधिकृत मदन कुमार बजगाँई

सदस्य- गाउँपालिका स्तरिय अपांगता समन्वय समितिको संयोजक- कल्पना कुमारी श्रेष्ठ

सदस्य- प्रमुख कृषी शाखा- सुदर्शन बोलखे

Scanned with CamScanner

सदस्य- पशुसेवा शाखा- कुमार आचार्य
सदस्य- सामाजिक विकास शाखा- सुदर्शन भट्टराई
सदस्य- गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघको प्रतिनिधि-
सदस्य- अपांगता भएका पुरुष १ जनाः विर वहादुर के.सी.
सदस्य- अपांगता भएका महिला १ जनाः
सदस्य सचिव- चन्द्र वहादुर लामा

८ जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको कोषबाट जिल्ला सभाको निर्णय बमोजिम प्राप्त हुने अनुदान रकमबाट निम्न बमोजिम योजनाहरु संचालन गर्ने तथा सो को सम्झौताका लागि जिल्ला समन्वय समिति समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क. शिक्षा तर्फः जनता मा.वि भुम्लु ६ कोलाँतीमा ग्यावियन वाल निर्माण रु १५ लाख

ख. खानेपानी तर्फः भुम्लु ४ मा डीप बोरिङ खानेपानी वितरण योजना रु १७ लाख ।

ग. स्वास्थ्य पुर्वाधार तर्फः

अ. भुम्लुटार स्वास्थ्य चौकी भुम्लु ८ मा स्वास्थ्य चौकीमा ल्याव स्थापना रु १० लाख ।

आ. भुम्लु ७ फलाँटे स्वास्थ्य चौकी स्तरोन्नति रु ८ लाख ।

Scanned with CamScanner